भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

पत्र संख्या :
चलानी नम्बर :

मिति : २०८३ भाद्र ११ गते

# प्रेस विज्ञप्ति

## रसुवागढी र आसपासका क्षेत्रमा भाद्र १० गते भएको हृदयविदारक घटनाप्रति भूमिकास्थान नगरपालिकाको गहिरो समवेदना !

मिति २०८३ भाद्र १० गते बिहान रसुवागढी नाका र आसपासका क्षेत्रमा भएको अकल्पनीय हृदयविदारक विपद्जन्य घटनाबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति भूमिकास्थान नगरपालिका, अर्घाखाँची स्तब्ध भएको छ र यस घटना प्रति गहिरो दुःख व्यक्त गर्दछ ।

यस दुःखद् घटनामा ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं । साथै उक्त घटनामा घाइते तथा प्रभावित हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ तथा सुरक्षित जीवनको कामना गर्दछौं ।

विपद्को यस दुःखद् घडीमा पीडित तथा प्रभावित नागरिकहरूको उद्धार, उपचार, राहत तथा पुनर्स्थापनाका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सम्पूर्ण सरोकारवाला निकायहरूबाट भइरहेको प्रयास प्रति भूमिकास्थान नगरपालिका सम्मान व्यक्त गर्दछ ।

यस मानवीय विपद्मा पीडित परिवार तथा प्रभावित नागरिकहरूलाई राहत तथा सहयोग पुर्‍याउने उद्देश्यले **भूमिकास्थान नगरपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १,०५,०००।– (अक्षरेपी एकलाख पाँचहजार रुपैयाँ) नगद सहयोग रकम उपलब्ध गराउने निर्णय गरिएको व्यहोरा जानकारी गराउँदछौं ।** उक्त सहयोग रकमले विपदबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनामा केही भए पनि योगदान पुग्ने विश्वास लिएका छौं ।

साथै, विपद्को यस कठिन परिस्थितिमा देशका सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैरसरकारी संघ–संस्था, निजी क्षेत्र, सामाजिक संघ–संस्था तथा आम नागरिकहरूलाई आ–आफ्नो सामर्थ्य अनुसार मानवीय सहयोग तथा राहत कार्यमा सहभागी हुन हार्दिक अपिल गर्दछौं ।

भूमिकास्थान नगरपालिका विपद्को यस कठिन घडीमा रसुवागढी तथा प्रभावित क्षेत्रका नागरिकहरूसँग ऐक्यबद्धता प्रकट गर्दै पीडित तथा प्रभावित परिवारलाई आवश्यक सहयोग, राहत तथा पुनर्स्थापनाका कार्यमा आफ्नो तर्फबाट सक्दो सहयोग र सहकार्य गर्न सदैव प्रतिबद्ध रहेको व्यहोरा समेत व्यक्त गर्दछ ।

अन्त्यमा, यस दुःखद् घटनामा **ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना** गर्दै यस भूमिकास्थान नगरपालिकामा बसोबास गर्ने कोहीपनि नागरिक उक्त हृदयविदारक घटनामा परि सम्पर्क विहिन अवस्थामा रहनु भएको भए तत्काल यस नगरपालिकाका नगर प्रमुख झबिलाल थापा ९८५७०६९९१२, नगर उपप्रमुख बालकृष्ण बन्जाडे-९८५७०६९९११ र प्रमुख प्रशासकीय अधिकृत रबिन्द्र प्रसाद चौधरी-९८५७०६९९८१ सम्पर्क नम्बरमा तत्काल सम्पर्क गर्नुहुन समेत यसै प्रेस विज्ञप्ति मार्फत अनरोध गर्दछौं ।

**"विपद्मा एकता, सहकार्य र सहयोग नै हाम्रो शक्ति हो।"**

झबिलाल थापा
नगर प्रमुख
एवं
भूमिकास्थान नगरपालिका परिवार
लुम्बिनी प्रदेश, अर्घाखाँची

**झबिलाल थापा**
**प्रमुख**